नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण बिकास समिति

खुमलटार ललितपुर

## स्नातकोत्तर अध्ययनको शोधपत्र अनुसन्धानको लागि प्रस्ताव पेश गर्ने बारेको सूचना

प्रकाशित मितिः २०७४/१०/०६

यस समितिको आ.व. २०७४/७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार शोधपत्र अनुसन्धानको लागि आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रम बमोमिज स्नातकोत्तर अन्तिम बर्ष/सेमेष्टरमा अध्ययनरत देहाय बमोजिमका शिर्षकहरुमा शोधपत्र गर्न चाहने विद्यार्थिहरुले २१ दिन भित्र उल्लेखित ढांचामा शोधपत्र अनुसन्धान प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**१. शोधपत्र अनुसन्धान गर्नुपर्ने बिषयहरु**

क) विभिन्न प्रकासरका वन व्यवस्थापन प्रणाली अनुसार चुरे, भावर, दुन र तराई मधेश क्षेत्रमा हुन सक्ने औसत वार्षिक वृद्धिदरमा (MAI)

ख) वन व्यवस्थापन प्रणाली सापेक्ष भू-क्षय दरसम्बन्धी कार्यमूलक अनुसन्धान

ग) व्यवस्थापन गरिएको नदी प्रणालीको थेग्रान (Deposition) को मात्रा र धमिलोपन सम्बन्धी कार्यमूलक अनुसन्धान

घ) गैर परम्परावादी नदी किनारा संरक्षण प्रविधिसम्बन्धी म्यानुअल विकास

ङ) प्राकृतिक स्रोत र समुदायबीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीको प्रयोग सम्बन्धि परम्परागत ज्ञान र निर्भरताबारे खोज तथा अभिलेखिकरण

च) खुला चरिचरन र बँधुवा पशुपालनबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

छ) परम्परागत भिरालो खेती र खनजोत कम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

ज) काँस, निगालो, बावियो तथा अन्य NTFPs/MAPs हरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परीक्षण र प्रविधि विकास

झ) पहिरो नक्साङ्कन, वर्गीकरण र नियन्त्रण प्राथमिकता र प्रविधि

ञ) बाँस उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरण

ट) संरक्षित प्रणाली बाहिरका वन्यजन्तुको अवस्था र संरक्षणका उपाय

ठ) मिचाहा वनस्पति प्रजातिको उपस्थित, फैलावट, असर र नियन्त्रणका विधि

ड) संरक्षणकार्यबाट प्रभाव पर्ने वातावरणीय सेवासम्बन्धी आर्थिक मूल्याङ्कन

ढ) संरक्षित प्रणाली बाहिर रहेका संरक्षित वनस्पति प्रजातिहरुको अवस्था र संरक्षणका उपाय

ण) वनजन्य पदार्थमा आधारित उद्योग सम्भाव्यता अध्ययन

त) उपल्लो तटिय र तल्लो तटिय बिचको अन्तरसम्बन्ध सुध्रिढीकरण Mechanism र यसका फाईदा

थ) चुरे क्षेत्रमा हुने गरेको भूक्षय, भूक्षय Mechanism तथा भू संरक्षणका विभिन्न प्रविधि विकास

द) कृषि वन प्रणाली सम्बन्धी अध्ययन

ध) जैविक विविधता संरक्षण सम्बन्धि अध्ययन

न) चुरे क्षेत्रका नदी प्रणालीमा Hydrological तथा Metrological सम्बन्धि अध्ययन

प) भू-उपयोग र भू-छत्र सम्बन्धि अध्ययन
फ) ताल तलैया र तीनको अवस्था सम्बन्धि अध्ययन
ब) भूमिगत जलश्रोत र खोलानाला सम्बन्धि अध्ययन
भ) चुरे कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयनको व्यवस्थापकिय पक्ष सम्बन्धि अध्ययन
म) जलवायू परिवर्तन तथा कार्वन मापन सम्बन्धि अध्ययन
य) चुरे क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुको सुशासनको अवस्था सम्बन्धि अध्ययन
र) चुरे संरक्षण कार्यक्रमहरुको सामाजिक र आर्थिक पक्षहरु सम्बन्धि

**२) आवेदकले पेश गर्नुपर्ने कागजातहरु**

क) शोधपत्रको शिर्षक खुल्ने गरी लेखिएको अध्ययनरत क्याम्पस तथा विश्वविद्यालयका विभागहरुको सिफारिस पत्र ।
ख) यसै सूचना साथ संलग्न ढांचा बमोजिको आवेदन फाराम ।
ग) शोधपत्र अनुसन्धान प्रस्ताव ।
घ) स्नातक तहको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणित प्रतिलिपी ।
ङ) दलितको हकमा दलित प्रमाणपत्रको प्रतिलिपी ।

३) आवेदकले मिति **२०७४/१०/२६ गते कार्यालय समय भित्र (बिहान ९:०० बजे देखि अपरान्ह ३:३० बजे सम्म)** यस समितिको सचिवालयमा अंग्रेजी भाषामा प्रस्ताव पेश गर्नुपर्ने छ । यसरी प्रस्ताव पेश गर्दा प्रस्तावको Soft copy (PDF file) पनि पेश गर्नुपर्ने छ ।

४) शोधपत्र अनुसन्धान सहयोग बापत स्वीकृत बार्षिक बजेटमा बिनियोजन भएको लक्ष्य र बजेट बमोजिम छनौट भएका सोधकर्तालाई आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

५) प्राप्त भएका प्रस्तावहरु यस समितिको **शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम** (*www.chureboard.gov.np* मा रहेको) मूल्यांकन समितिबाट मूल्यांकन भई छनौट भए पश्चात यस समितिको Website मा सूचना प्रकाशन गरी जानकारी गराईने छ ।

६) प्रस्ताव पेश गर्दा खामको बाहिर **स्नातकोत्तर अध्ययनको शोधपत्र अनुसन्धानको प्रस्ताव भनी प्रस्तावको नाम, ठेगाना र सम्पर्क नम्बर** समेत स्पष्ट लेखी पेश गर्नुपर्ने छ ।

७) यस सूचना सम्बन्धि थप जानकारीको लागि यस समितिको आयोजना डिजाईन तथा कार्यान्वयन शाखामा सम्पर्क राख्न सकिने छ ।

**जानकारीको लागि**

वेद प्रसाद भण्डारी
सहायक वन अधिकृत
आयोजना डिजाईन तथा कार्यान्वयन शाखा
सम्पर्क नम्बर: ०१-५५३१३११, ५५२६७७७

**शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धी**

# आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम ..........................................................................................

शोत्रपत्र कर्ताको नाम : (देवनागरिक लिपिमा)..........................................................................

शोत्रपत्र कर्ताको नाम : (अंग्रेजीमा) ......................................................................................

जन्म मितिः ..............................

लिङ्ग पुरुष ☐ महिला ☐

विवाहित ☐ अविवाहित ☐

बाबुको नामः ................................................. आमाको नामः .....................................................

सम्पर्क टेलिफोन नं .............................. मोबाइल नं ........................... इमेलः .............................

स्थायी ठेगानाः ........................................................................................................................

सोधपत्र अनुसन्धानको शिर्षक : ..........................................................................................

अध्ययनरत क्याम्पस/विभागको नाम : ...................................................................................

शैक्षिक योग्यता -माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

शोधपत्र सुपरिवेक्षण गर्नेको:

नाम थरः
पदः

शोधपत्र कर्ताको:
दस्तखतः
नाम थरः
स्थायी ठेगानाः
नागरिकता नं.:
जारी गर्ने जिल्लाः
जारी मितिः
मितिः

# शोधपत्र प्रस्तावको ढांचा

Format of the Research Proposal

A) General Content

1) Title
2) Rationality
3) Objective
4) Theoretical Framework
5) Research Methodology

B) Work Plan

C) Budget with breakdown